जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १४ २०७९ साल साउन १७ गते मंगलबार (2 Aug 2022 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ९५ प्रतिशत बजेट... ३ पृष्ठमा : नागरिक उड्डयन प्राधिकरणको ... ३ पृष्ठमा म्यानमारमा संकटकाल ६ महिना ...

# अशक्तलाई घर घरमै पुगी ह्वीलचेयर बाँड्दै सुनिता



**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

राजविराज ७ निवासी सुनिता साह अहिले शारिरीक रुपमा अशक्त भई कष्टकर जीवन विताउन बाध्य भएकाहरुका लागी ह्वीलचेयर वितरण अभियानमा लागेकी छिन् ।

विगत तीन दिन देखी ह्वीलचेयर वितरण गर्दै आएकी उनले यस अवधीमा २४ जना अपाङ्गता भएकाहरुलाई ह्वीलचेयर वितरण गरीसकेकी छिन ।

विपन्न वस्तीमा घर घर पुगेर अपाङ्गता भएकाहरुको पहिचान गर्दै लगत संकलन गर्ने र त्यस पछि उनीहरुका लागी ह्वीलचेयर दिदै आएकी छिन् ।

उक्त ह्वीलचेयरका लागी राजविराज निवासी समाजसेवी संजय दुवे, राजेश गुप्ता, राजगढ गाउँपालिका निवासी सत्य नारायण यादव र विदेशी नागरीक ताइवानका जोन म्याकिन्लेले सहयोग गरेको उनले जानकारी दिइन् ।

अधिकार तथा समाजसेवा क्षेत्रमा क्रियाशिल साह राष्ट्रिय एकता अभियानका केन्द्रीय उपाध्यक्ष समेत हुन । उनले यस अघि पनि सैनिक श्रीमती संघबाट सहयोग जुटाई शारिरीक रुपमा अशक्त भई कष्टकर जीवन विताइरहेका २४ जनालाई ह्वीलचेयर वितरण गरीसकेकी छिन् ।

आफ्नो नीजी खर्च मै अपाङ्गता भएकाहरुको पहिचान र लगत संकलन गर्ने कार्यमा खटिने गरेकी साह जिल्लाको सबै १८ वटै पालिकामा पुगी थप गरिब विपन्न समुदायका अशक्तको पहिचान गरी विभिन्न दाताबाट सहयोग जुटाई ह्वीलचेयर वितरण गर्ने बताएकी छिन ।

अपाङ्गता भएको ब्यक्तीको लगत संकलन गर्न जाँदा अभियानकी जिल्ला संयोजक सुनिता चौधरी तथा सल्लाहकार सागरबिर कडारीले पनि निकै सहयोग गर्ने गरेको उनले सुनाईन ।

राष्ट्रिय एकता अभियान मार्फत समन्वय गरी विभिन्न दाताबाट सहयोग जुटाई उनले हाल सम्म जिल्लाका २ सय ६५

*बाँकी अन्तिम पृष्ठमा*

# सप्तरी जिल्ला अदालतद्वारा ४८ प्रतिशत मुद्दा फर्छ्यौट




**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

सप्तरी जिल्ला अदालतले सरेर तथा नयाँ दर्ता भएको मुद्दाका गरी ४८ प्रतिशत मुद्दा फर्छ्यौट गरेको जनाएको खछ ।

आर्थिक वर्ष २०७८/०८९ मा सरेर आएका ४ हजार ३ सय ९६ र नयाँ दर्ता भएका ४ हजार ३ सय २ गरी कुल ८ हजार ६ सय ९८ मध्ये ४ हजार १ सय ३२ मुद्दा फर्छ्यौट गरेको अदालतका सुचना अधिकारी भरतमणी पोखरेलले जानकारी दिएका छन् ।

उनका अनुसार उक्त आर्थिक वर्षमा ४ हजार ५ सय ६६ मुद्दा फर्छ्यौट गर्न बाँकि देखिएका मुद्दा चालु आर्थिक वर्ष २०७९/०८० का लागी सरेर आएको छ ।

कोरोना माहामारी, स्थानीयतहको निर्वाचन लगायतका विविध कारणले लक्ष्य प्राप्त हुन नसकेको सुचना अधिकारी पोखरेलले बताए । यद्धपी लक्ष्य प्राप्ती कठीन भएपनि उपलब्ध साधन श्रोत र जनशक्तीको उच्चतम प्रयोग गरी मुद्दा फर्छ्यौट प्रतिशत संतोषजनक अवस्थामा नै पुऱ्याएको उनको तर्क छ ।

उनले चालु आर्थिक वर्षमा सरेर आएका मुद्दालाई समय मै फर्छ्यौट गर्न विभिन्न कार्ययोजना बनाएको जानकारी समेत दिए ।

न्यायीक गतीवीधी सरल सहज र व्यवस्थीत बनाउन अदालत परिसरमै सुचना तथा सहयोग कक्षको स्थापना र विचौलिया प्रवेश निषेध लगायतका अदालत प्रशासन र न्याय प्रणालीमा सुधारका लागी पनि विभिन्न कार्ययोजना तयार पारिएको अदालतले जनाएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १४ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७९ श्रावण २६ गते सम्म ।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ्ग कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# अतिक्रमण हटाउनेतर्फ पहल होस्

राजविराज बजारमा अहिले पनि अतिक्रमण कायमै रहेको छ। बजारस्थित पसलहरुको अगाडी तथा छेउछाउ खाली स्थानहरु अतिक्रमित हुँदा बजारको सौन्दर्यता नै हराएको छ। यसप्रति राजविराज नगरपालिकाको अग्रसरता देखिदैन्। कारणको बजारमा रहेको विभिन्न पसलहरुले अगाडी तथा छेउछाउका स्थानलाई मनोमानी ढंगले अतिक्रमण गरेका छन। हुनत नगरपालिकाले विगतमा नगरमा भइरहेको अतिक्रमणप्रति केही प्रयास गरेपनि हाल त्यसप्रति मौन रहेको छ। सरसफाई तथा नगर सुन्दर बनाउन बृक्षा रोपन गरे पनि हाल सो सबै मासिएर गएको छ।

यता पेटी अतिक्रमणले नगरपालिकाले बटुवालाई सुरक्षित ढंगबाट हिड्डुल गर्न कठिनाई भइरहेको छ। यती मात्र नभएर पेटी अतिक्रमण र जथाभावी सबारीसाधन पार्किङ्गले सवारी चलाउन पनि समस्याहरु पनि भइरहेको छ। सानो तथा खुद्रा पसल थाप्नु मात्र पेटीको अतिक्रमण होइन जथाभावी पार्किङ्ग गर्नु अथवा स्टेण्ड बनाउने कार्य पनि अतिक्रमण हो।

यस सम्बन्धमा नगरपालिकाको खासै कुनै ठोस कदम चाल्न सकेको छैन्। तसर्थ यस्ता विषयप्रति नगरपालिका गम्भिर रुपमा लाग्नु पर्नेहुन्छ। यसका लागि स्थानियवासी समेतले चासो देखाउनु उत्तिकै आवश्यक छ।

# ९५ प्रतिशत बजेट खर्च

जनकपुरधाम, १६ साउन (रासस)।

मधेस प्रदेश सरकारले आर्थिक वर्ष ०७८/०७९ मा कूल बजेटको ६४ दशमलव ०४ प्रतिशत मात्र बजेट खर्च गर्न सक्यो।

प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार प्रदेश सरकारले सो आवमा कूल बजेट ३४ अर्ब ८३ करोड ९८ लाख १० हजारमध्ये ६४ दशमलव ४ प्रतिशतअर्थात् रु २२ अर्ब ३४ करोड २९ लाख ७७ हजार सात सय आठ मात्र खर्च गर्न सकेको छ।

प्रदेश सरकारले विकास निर्माण पुँजीगततर्फ ६१ प्रतिशतअर्थात् रु ११ अर्ब ९३ करोड ८७ लाख २१ हजार खर्च गरेको छ भने चालु तर्फ ६७ दशमलव ९२ प्रतिशतअर्थात् रु १० अर्ब ४० करोड ४२ लाख ५५ हजार खर्च गरेको सो कार्यालयका निमित्त प्रमुख मनोजकुमार झाले जानकारी दिनुभयो।

समग्र सबैभन्दा बढी प्रदेश सरकारको मुख्यन्यायाधिवक्ताको कार्यालयले कूल बजेटको ८८ दशमलव १५ प्रतिशत र सबैभन्दा कम प्रदेश नीति तथा योजना आयोगले २३ दशमलव १४ प्रतिशत बजेट खर्च गरेको कार्यालयले जनाएको छ।

यस्तै मधेस प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले ८० प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३५ दशमलव ७४ प्रतिशत, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले ५२ प्रतिशत, अर्थमन्त्रालयले २८ दशमलव १८ प्रतिशत, वाणिज्य आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयले ४६ दशमलव ५३ प्रतिशत बजेट खर्च गरेको जनाएको छ।

त्यस्तै खानेपानी तथा ऊर्जा विकास मन्त्रालयले ५२ दशमलव ८९, भौतिक पूर्वाधार विकास मन्त्रालयले ६२ दशमलव १६, गृह तथा सञ्चार मन्त्रालयले ६६ दशमलव ४७ प्रतिशत, उद्योग, पर्यटन तथा वन मन्त्रालयले ६६ दशमलव ५७ प्रतिशत र कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले ७६ दशमलव ९६ प्रतिशत बजेट खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

त्यसैगरी प्रदेशसभा सचिवालयले ७८ दशमलव ४०, प्रदेश लोकसेवा आयोगको ४८ दशमलव २१ बजेट खर्च गरेको छ।

यस्तै मधेस प्रदेशअन्तर्गतको जिल्लाका स्थानीय तहहरूले प्रदेश सरकारबाट सोही आवमा गएको अनुदान बजेटमध्ये ९५ प्रतिशतभन्दा बजेट खर्च गरेको छ।

सो कार्यालयका अनुसार सो आवमा प्रदेश सरकारबाट गएको अनुदान बजेटमध्ये ९५ दशमलव ५० प्रतिशत बजेट खर्च गरेको हो।

सो आर्थिक बर्षमा प्रदेश सरकारबाट मधेस प्रदेशका आठ वटै जिल्लाका स्थानीय तहहरूमा गएको रु तीन अर्ब ७४ करोड ७३ लाख ५५ हजारमध्ये रु तीन अर्ब ५७ करोड ८८ लाख ७२ हजार सात सय ६८ खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालयका निमित्त प्रमुख झाले जानकारी दिनुभयो।

योजना छनोटमा ढिलाइसँगै समयमा कार्य सम्झौता भई कार्य सम्पन्न हुन नसक्नु, भुक्तानी दिने समयमा आएको प्राविधिक समस्याजस्ता कारणले यस वर्ष कम खर्च भएको प्रदेश सरकार अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले बताउनुभयो।

# नक्कली नागरिकता प्रकरण : छानबिन सुरु

वीरगञ्ज, १६ साउन (रासस)।

नक्कली कागजपत्र तयार गरेर बाराको पर्सास्थित इलाका प्रशासन कार्यालयबाट एक भारतीय महिलाले नागरिकता प्राप्त गरेको घटना बाहिर आएपछि सोको छानबिन थालिएको छ।

वडा कार्यालयको सिफारिसमा इलाका प्रशासन कार्यालय सिमराबाट भारतको दार्जिलिङ्गी निवासी २१ वर्षीय राजनी राईले गत साउन ३१ गते बाराको निजगढ नगरपालिका-१२ रामथली बसोबास देखाइ रजनी गोले नामबाट ३३/०२/०७९/००५१३ नंको नागरिकता लिएको देखिएको छ।

सो घटनाबारे छानबिन थालिएको छ। उक्त नागरिकता बदर गर्ने प्रक्रिया अघि बढाइने र सो कार्यमा संलग्न दोषीलाई नियमानुसार कारबाही प्रक्रिया अघि बढाइने इलाका प्रशासन कार्यालय सिमराका प्रमुख मोहनप्रसाद अर्यालले जानकारी दिनुभयो।

राईको जन्म मिति २०५८/११/१५ गते दर्ता रहेको वडा कार्यालयको रेकर्डबाट देखिएको छ। यो जन्मदर्ता २०७९/०२/२३ गते वडा कार्यालयबाट बनाइएको हो। कीर्ते जालसाजी गरी अभिभावकमा बुबाको नाम श्यामराज गोले र आमाको नाम जीरामाया गोले बनाएर नेपाली नागरिकता लिएको पाइएको छ। झुटो विवरण पेस गरेर भारतीय नागरिक राईलाई नेपाली नागरिकता लिएको घटना खुलेपछि निजगढ-१२ कार्यालयले सो नागरिकता बदरका लागि प्रक्रिया अघि बढाउन इलाका प्रशासन कार्यालय सिमरामा पत्राचार गरिसकेको छ।

रजनी गोले भन्ने रजनी राईको भारतीय आधार कार्डमा ३७७९५६५०३५६६ नं लेखिएको छ भने भारतीय निर्वाचन आयोग परिचयपत्रमा टिक्युजी २०७६९२५ लेखिएको प्रमाण फेला परेको छ। उक्त परिचयपत्रमा निजको नाम रजनी राई, बुबाको नाम किशोर राई जन्म तारिख १९८९/०३/२४ रहेको छ। त्यसैगरी उनको भारतीय आधार कार्डमा रजनी राई (सिङ्गर) र पति छेडुप सिङ्गरसमेत लेखिएको छ।

# काभ्रेस्थलीमा एकै परिवारका चारजना मृत फेला

काठमाडौँ, १६ साउन (रासस)।

काठमाडौँको तारकेश्वर नगरपालिका- २ काभ्रेस्थलीमा एकै परिवारका चार जना मृत अवस्थामा फेला परेका छन्।काभ्रेस्थलीको पदमसालमा घर बनाएर बसेका गोरखा भीमसेन थापा गाउँपालिका-६ का ४१ वर्षीय दिनेश पाण्डे, उनकी श्रीमती ३९ वर्षीय सुनिता, १३ वर्षीय छोरी र ८ वर्षको छोरा मृत फेला परेका हुन्।

नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले घरमुली पाण्डेले परिवारको हत्या गरेर आफूले पनि आत्माहत्या गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको जानकारी दिनुभयो। "बिहान ८ बजे दिनेशकी छोरी विद्यालयमा नआएपछि छिमेकीमार्फत खबर गर्दा घरको झ्यालढोका बन्द रहेकाले प्रहरी र स्थानीय निकायलाई खबर गरेपछि घरमा गएर हेर्दा चारैजना मृत अवस्थामा फेला परेको पायौँ,"- उहाँले भन्नुभयो।

काठमाडौँ जिल्ला प्रहरी परिसरका प्रवक्ता तथा प्रहरी उपरीक्षक दिनेशराज मैनालीले घटनास्थलमा प्रहरी टोली र चिकित्सकको टोली पुगेर अनुसन्धान गरिरहेको बताउनुभयो। उक्त भवनको सबै झ्याल र ढोकाभित्रबाट चुकुल लगाएको अवस्थामा रहेका उहाँको भनाइ थियो।घटनास्थलमा बालाजुस्थित प्रहरी वृत्त, जिल्ला प्रहरी कार्यालय र काठमाडौँ उपत्यका अपराध अनुसन्धानको कार्यालयबाट खटिएका प्रहरीका साथै त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जबाट फरेन्सिक डा गोपाल चौधरी र डा आयुष उपाध्यायलगायत टोलीले अनुसन्धान गरिरहेको प्रवक्ता मैनालीले बताउनुभयो। घटनाको बारेमा अनुसन्धान टोलीले कानुनी प्रक्रिया सुरु गरिसकेको जनाइएको छ।

# बर्दिवासमा आगलागीबाट करोडको क्षति

महोत्तरी, १६ साउन (रासस) :

महोत्तरीको बर्दिवास नगरपालिका-१ को मुख्यचोकमै सोमबार आगलागी भएको छ। व्यापारिक प्रतिष्ठान रहेको तीन तले भवनको माथिल्लो तलामा आगो सल्केको हो। विद्युत् चुहिएर (सर्ट भएर) आगलागी भएको इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ।

मोहम्मद फारुकको सो भवनको दोस्रो तलामा सिद्धार्थ बैंकको शाखा रहको छ। तलको तलामा अन्य व्यापारिक प्रतिष्ठान छन्। यद्यपि आगोले माथिल्लो तलाको जिमखानामा मात्र क्षति पुऱ्याएको छ। अभिषेक झाले सञ्चालन गरेका जिमखानाका सबै सामग्री जलेर खरानी भएका छन्। जिमखाना सञ्चालकलाई उद्धृत गर्दै इलाका प्रहरी कार्यालय बर्दिवासका प्रमुख तथा प्रहरी नायब उपरीक्षक (प्रनाउ) रवि रावलले आगलागीबाट करिब एक करोडको क्षति भएको जानकारी दिनुभयो।

माथिल्लो तलामा धुँवा देखिएपछि ओरपरका व्यापारी र बजारु कामले चोक पुगेका सर्वसाधारणले आगो निभाउने प्रयत्न थालेका थिए। लगत्तै प्रहरी र दमकल पनि पुगेपछि एक घण्टाको निरन्तर प्रयत्नले आगो पूरै नियन्त्रण गरिएको प्रनाउ रावलले बताउनुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नागरिक उड्डयन प्राधिकरणको आम्दानी बढ्यो

काठमाडौँ, १६ साउन (रासस)।
नेपाल नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष २०७८/७९ मा १६.६७ प्रतिशतले आम्दानी बढाएको छ। प्राधिकरणले विमानस्थल शुल्कको आम्दानीमा वृद्धि गर्दै उक्त वर्ष रु सात अर्ब ४४ करोड ७१ लाख आम्दानी गरेको हो।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले अघिल्लो वर्ष प्राधिकरणले विमानस्थल शुल्कवापतको ल्याण्डिङ पार्किङ, नेभिगेशन, भाडा आदिबाट आम्दानी गर्न सफल भएको जानकारी दिनुभयो। उहाँका अनुसार प्राधिकरणले गत वर्ष रु छ अर्ब ६८ करोड २९ लाख आम्दानी प्रक्षेपण गरेकामा रु सात अर्ब ४४ करोड ७१ लाख आम्दानी भएको छ।

प्राधिकरणले अघिल्लो आर्थिक वर्ष जम्मा रु ४३ अर्ब ६७ करोड ७७ लाख बजेट विनियोजन गरेकामा रु २१ अर्ब ३२ करोड एक लाख खर्च भएको जनाएको छ। यसमध्ये वित्तिय व्यवस्थापनमा रु सात अर्ब ५३ करोड ३८ लाख विनियोजन गरिएकोमा रु चार अर्ब ६९ करोड ७४ लाख खर्च भएको छ। कार्यालय सञ्चालनतर्फ रु चार अर्ब १० करोड ८१ लाख विनियोजन भएकोमा रु तीन अर्ब २६ करोड २७ लाख खर्च भएको छ। प्राधिकरणले समग्रमा गएको आवमा वित्तिय ४८.८१ प्रतिशत प्रगति गरेको छ।

प्राधिकरणले सार्वजनिक गरेको आव २०७९/८० को बजेट तथा कार्यक्रममा विमानस्थल पूर्वाधार विकास, विमानस्थल सञ्चालन, प्राधिकरणको संस्थागत सुधार, उड्डयन तथा हवाइ सुरक्षा सुदृढीकरण, मानव संशाधन विकास र गैरउडान आय वृद्धिलाई प्राथमिकता दिएको छ।

प्राधिकरणले चालु आव २०७९/८० का लागि रु ४१ अर्ब ८५ करोड ९२ लाख बजेट विनियोजन गरेको छ। अघिल्लो आव ४३ अर्ब ६७ करोड ७७ लाख बजेट विनियोजन भएको थियो। पर्यटन पुनरुत्थानका लागि प्राधिकरणले चालु आवभित्र गरिने कामको सुरुवात गरिसकेको जनाएको छ। त्यसका लागि नीतिगत सुधार, पूर्वाधार विकास, दक्ष जनशक्ति उत्पादन र उच्चतम प्रविधिको उपयोग गर्दै सेवालाई सुदृढीकरण बनाइनुका साथै आन्तरिक तथा अन्तराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन व्यवस्थापन तथा सौन्दर्यकरणलगायत कार्य गरिने प्राधिकरणको बजेट तथा कार्यक्रममा उल्लेख छ।

# वैदेशिक रोजगारसम्बन्धी विज्ञापन प्रकाशन नगर्ने संस्था कारबाहीमा

काठमाडौँ, १६ साउन (रासस)।
वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीसम्बन्धी विज्ञापन प्रकाशन नगर्ने इजाजतपत्र वाला १४८ संस्थालाई कारबाही गरेको छ। वैदेशिक रोजगार ऐन, २०६४ अनुसार राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्नका लागि विभागबाट पूर्वस्वीकृति लिई विज्ञापन प्रकाशन नगर्ने उक्त संस्थालाई रु ५० हजारका दरले जरिवाना गराइएको विभागले जनाएको छ।

यही साउन ३ र ४ गते विज्ञापन प्रकाशनका लागि अनुमति लिएर पनि विज्ञापन प्रकाशन नगरेकाले ती संस्थालाई जरिवाना गराइएको विभागका महानिर्देशक शेषनारायण पौडेलले जानकारी दिनुभयो। ती संस्थाले विज्ञापन प्रकाशन गरे नगरेकोबारे विभागले करिब एक महिना लगाएर अनुगमन गरेको थियो।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ४९ (१) मा कुनै पनि इजाजतपत्रवालाले वैदेशिक रोजगारीसम्बन्धी मागको विज्ञापन प्रकाशन नगरेमा वा स्वीकृति विना विज्ञापन प्रकाशन गरेमा विभागले त्यस्तो इजाजतपत्रवालालाई रु ५० जरिवाना गरी त्यस्तो विज्ञापन रद्द गर्न सक्ने प्रावधान छ।

ऐनअनुसार कुनै पनि मेनपावरले रोजगारदाता संस्थासँग भएको सम्झौता वा सहमतिका आधारमा वैदेशिक रोजगारमा कामदार पठाउनु पूर्व रोजगारदाता संस्थाको नाम, ठेगाना र कामदार पठाउने मुलुक, वैदेशिक रोजगारको किसिम, कामदारको किसिम र सङ्ख्या, कामदारले पाउने तलब सुविधासहितको विज्ञापन प्रकाशित गर्नुपर्छ।

# नियमअनुसार नचल्दा सहकारी समस्याग्रस्त

काठमाडौँ, १६ साउन (रासस)।
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले विद्यमान कानुनअनुसार सहकारी सञ्चालन नहुँदा समस्याग्रस्त हुने गरेको जनाएको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सोमबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठलाई बुझाएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा सहकारीलाई समस्याग्रस्त हुनबाट जोगाउन सहकारी ऐन/नियमको प्रभावकारी कार्यान्वयनका साथै सहकारी संस्थामा सुशासन प्रवर्द्धन आवश्यक रहेको उल्लेख छ।

समान प्रकृतिका कार्य गर्ने सहकारी संस्थाबीच एकीकरण ( मर्जर) गर्ने प्रक्रियालाई प्रोत्साहन गर्ने, सहकारीलाई विपन्न वर्गसम्म पुग्ने रणनीतिका साथ सञ्चालन गर्ने, सुशासनको पूर्ण प्रत्याभूति हुने गरी सञ्चालन गर्ने जस्ता आधारभूत सिद्धान्तको पालना गर्न सकेमा सहकारी क्षेत्रप्रतिको जनताको विश्वास अभिवृद्धि गर्न सघाउ पुग्ने प्रतिवेदनमा औँल्याइएको छ।

समितिको प्रतिवेदन बुझ्दै मन्त्री श्रेष्ठले सहकारीलाई जिम्मेवार बनाउन सबै पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो। सहकारी आफ्नो मूल्यमान्यता र सिद्धान्तअनुसार चल्नुपर्ने जनाउँदै उहाँले अर्थतन्त्रको आधारस्तम्भका रुपमा रहेका सहकारी समस्याग्रस्त बन्ने अवस्था आउन नदिने गरी काम गर्न सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो। प्रतिवेदन बुझाउँदै समितिका अध्यक्ष काशीराज दाहालले सहकारी संस्थामा विकृति र विसङ्गतिको रोकथाम र नियन्त्रणको लागि सहकारी दर्ता प्रक्रियामा नै विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

# कोरोनाको उपचारका लागि १७ अस्पताल

काठमाडौँ, १६ साउन (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि सातवटै प्रदेशका अस्पतालमा उपचारको व्यवस्था गरेको छ। मन्त्रालयले सातवटै प्रदेशमा १७ वटा अस्पतालमा उपचारको व्यवस्था मिलाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसको मध्यम र गम्भीर अवस्थाका बिरामीलाई उपचारका लागि सातवटै प्रदेशमा रहेका १७ सङ्घ र प्रादेशिक अस्पतालको व्यवस्था गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार प्रदेश नं १ को कोसी अस्पताल विराटनगर र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, मधेस प्रदेशको जनकपुर प्रादेशिक अस्पताल जनकपुर र नारायणी अस्पताल वीरगञ्ज रहेका छन्।

यस्तै बागमती प्रदेशको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु, भरतपुर अस्पताल चितवन, वीर अस्पताल काठमाडौँ, त्रिभुवन विश्वविद्यालय (त्रिवि) अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र धौलागिरि अस्पताल बागलुङ रहेका छन्।

यस्तै लुम्बिनी प्रदेशको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल नेपालगञ्ज, कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र सुर्खेत प्रादेशिक अस्पताल वीरेन्द्रनगर तथा सुदूरपश्चिम प्रदेशमा सेती प्रादेशिक अस्पताल धनगढी र डडेल्धुरा अस्पताल रहेका छन्।


## डा. आदर्श कुमार सिंह

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## म्यानमारमा संकटकाल ६ महिना थप

याङ्गुन, १६ साउन (रासस/सिन्ह्वा)।
म्यानमारका अधिकारीहरुले यहाँको राष्ट्रिय सङ्कटकालीन अवस्थालाई थप छ महिना लम्ब्याएका छन्। म्यानमारको नेशनल डिफेन्स एन्ड सेक्युरिटी काउन्सिलले आइतबार सो निर्णय गरेको हो। सो काउन्सिलले म्यानमारमा हाल जारी रहेको सङ्कटकालीन अवस्था अरू छ महिना थपिएको जानकारी दिएको हो।

सो काउन्सिलले यहाँ आम निर्वाचन गर्ने प्रयोजनका लागि समय आवश्यक रहेको भन्दै त्यसका लागि सङ्कटकालीन अवस्था अरू छ महिना थप्नुपरेको जनाएको छ। म्यानमारको संविधानअनुसार यहाँ सङ्कटकालीन अवस्था बढीमा दुई वर्षसम्म घोषणा गर्न मिल्दछ।

यहाँका कार्यवाहक राष्ट्रपति यु मिन्त स्वेले गत वर्षको फेब्रुअरी १ मा एक वर्षका लागि सङ्कटकाल घोषणा गरेका थिए। त्यसपछि यही वर्षको जनवरी ३१ मा यहाँको नेसनल डिफेन्स एन्ड सेक्युरिटी काउन्सिलले सङ्कटकाल लम्ब्याएको थियो।

म्यानमारमा प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेर सैनिकले सत्ता हत्याएको छ। यहाँको सैनिक सरकारले बहुदलीय प्रतिस्पर्धात्मक आम निर्वाचन गर्ने तयारी थालेको जनाएको छ।

## श्रीलङ्कामा इन्धन कारोबारमा क्युआर कोड लागू

कोलम्बो, १६ साउन (रासस/एएनआई)।
श्रीलङ्कामा इन्धन कारोबार गर्दा क्युआर कोडमार्फत गर्ने व्यवस्था लागू गरिएको छ।

इन्धनको अभाव हुनु र इन्धन किन्न चाहने उपभोक्ता धेरै भएकाले भीड व्यवस्थापन गर्न गाह्रो भएर क्युआर कोड प्राणाली लागू गरिएको हो।

क्युआर कोडमार्फत कारोबार गरेपछि इन्धनको समान तथा पारदर्शी वितरण हुने, लाइनमा भीड लगाउन नपर्ने लगायतका फाइदा हुने सरकारी अधिकारीहरुले जनाएका छन्।

देशभरिका सबै पेट्रोल पम्पहरुमा यो व्यवस्था गरिएको र उपभोक्तालाई पनि यस बारेमा जानकारी गराइएको ऊर्जामन्त्री कञ्चना विजेसेकेराले बताउनुभयो।

उहाँले इन्धन लिनका लागि पेट्रोल पम्पहरुमा भीडभाड नगर्न पनि उपभोक्तहरुलाई अनुरोध गर्नुभएको छ।

सरकारले उपभोक्तको चापका आधारमा हरेक पेट्रोल पम्पलाई इन्धनको कोटा निर्धाण गरेर कोटा अनुसारको इन्धन उपलब्ध गराएको छ।

## एक दिनमा ४४ हजार ६ सय ८९ कोभिड-१९ का नयाँ संक्रमित

सोल, १६ साउन (सिन्ह्वा)।
दक्षिण कोरियामा २४ घण्टाको समयावधि अर्थात् आइतबार मध्यरातसम्म ४४ हजार छ सय ८९ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ। यसैसँगै यहाँका कूल सङ्क्रमितको सङ्ख्या एक करोड ९८ लाख २० हजार सात सय ३९ पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रबार बताएका छन्।

अघिल्लो दिनको तुलना कोभिड सङ्क्रमण घटेको जनाइएको छ। अघिल्लो दिन ७३ हजार पाँच सय ८९ जना एक दिनका सङ्क्रमित रहेका कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी जानकारी दिएको छ। नयाँ केसहरूमध्ये, चार सय ३६ जना आयातीत रहेको जनाइएको छ। यद्यपि ४४ हजार सात सय ५६ जना कोरोनामुक्त भएका छन्।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या २८७ पुगेको छ। यस अवधिमा थप २१ जनाको मृत्यु भएपछि मृत्यु हुनेको कूल सङ्ख्या २५ हजार ६८ पुगेको छ। कूल मृत्युदर ०.१३ प्रतिशत रहेको छ।

## भारतमा कोरोना संक्रमण केही घटयो

नयाँदिल्ली, १६ साउन (रासस/सिन्ह्वा)।
बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमतिको सङ्ख्या १६ हजार चार सय ६४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

देशमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ४० लाखमा ३६ हजार दुई सय ७५ पुगेको छ। देशभर एक लाख ४३ हजार छ सय ७६ सक्रिय सङ्क्रमित छन्।

यसैगरी १९ हजार छ सय ७३ सङ्क्रमणमुक्त भएका छन्। योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३३ लाख ६५ हजारभन्दा बढी पुगेको छ। कोरोना सङ्क्रमणबाट ३९ जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट पाँच लाख २६ हजार तीन सय ९६ जनाको मृत्यु भएको छ।

महामारी सुरु भएयता ८७ करोड ७५ लाखभन्दा बढीको परीक्षण गरिएको छ। सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ। अभियानअन्तर्गत हालसम्म दुई अर्ब मात्राभन्दा बढी खोप लगाइएको छ।

# बैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट समाजसेवी दास सम्मानित




**दैनिक समाचारदाता राजविराज, १६ साउन ।**
यस वर्षको बैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट समाजसेवी एवं पूर्व प्रधानाध्यापक हितनारायण लाल दास सम्मानित भएका छन् ।

बैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोष सप्तरीद्वारा सोमबार आयोजित ३० औं प्रकाश स्मृति दिवसको अवसर दासलाई उक्त पुरस्कारबाट सम्मान गरेको हो ।

शिक्षा, समाजसेवा, शसक्तिकरण तथा समाज उत्थानमा र चेतना अभिबृद्धिमा योगदान पुऱ्याए वापत उनलाई सम्मानित गरिएको हो ।

कोषका संस्थापक बैजनाथ झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मिहिर ठाकुर तथा कार्यक्रमका विशिष्ठ अतिथि मधेश प्रदेशका आन्तरिक मामिला तथा संचार राज्य मन्त्री रुबी कर्णले संयुक्त रुपमा दोसल्ला, कदरपत्र तथा नगद पुरस्कारबाट दासलाई सम्मान गरे ।

लामो समयदेखी समाज उत्थानमा योगदान गरेका ७३ वर्षिय दासको उच्च मुल्याङ्कन गर्दै सो सम्मान गरिएको कोषका संस्थापक अध्यक्ष बैजनाथ झाले बताए ।

संस्थापक अध्यक्ष झाको अध्यक्षतामा आयोजित पुरस्कार बितरण तथा सम्मान समारोहमा मधेश प्रदेश मिडिया काउन्सीलका अध्यक्ष शिवहरिप्रसाद भट्टराई, मधेश प्रदेश नागरिक संघका अध्यक्ष शंकर सारदा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम लगायतले शुभकामना दिएका थिए ।

# थप ८९५ मा कोरोना संक्रमण, एक जनाको मृत्यु

काठमाडौं, १६ साउन (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा आठ सय ९५ जनामा कोभिड संक्रमण पुष्टि भएको छ भने एक जनाको संक्रमणका कारण मृत्यु भएको छ। सो अवधिमा पाँच हजार नौ सय नौ जनाको नमूना परीक्षण गरिएको थियो । तीन हजार छ सय ८५ जनाले पिसिआर र दुई हजार दुई सय २४ सय जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा दुई ६४ जना कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ७० हजार तीन सय २६ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ३३ हजार एक सय ७६ जनाले कोभिड बिरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या चार हजार नौ सय ३४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ६८ पुगेको छ । होम आइसोलेशनमा चार हजार सात सय ९२, संस्थागत आइसोलेसन एक सय ४२ र आइसियू ३६ र भेन्टिलेटरमा पाँच जना संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् भने तथा दुई सयभन्दा बढी संक्रमित रहेका जिल्लामा कास्की रहेको छ । सून्य संक्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, मुगु, हुम्ला, बाजुरा, दार्चुला र बझाङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार आठ सय ७२ र ललितपुर पाँचा सय ४३ र भक्तपुरमा ३० सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**


# मधेश प्रदेश सरकारद्वारा पर्यटन विकास कार्यालय स्थापना गर्ने निर्णय

**दैनिक समाचारदाता जनकपुरधाम, १६ साउन ।**
मधेस प्रदेश सरकारले पर्साको वीरगञ्ज, सिरहाको लहान र धनुषाको जनकपुरधाममा एक/एकवटा गरी तीन वटा पर्यटन विकास कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

प्रदेश मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले वीरगञ्जजमा उद्योग विभाग स्थापना गर्ने निर्णय पनि गरेको सरकारका प्रवक्ता एवम् अर्थमन्त्री शैलेन्द्र साहले जानकारी दिएका छन् ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममार्फत् पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन विकास कार्यालय स्थापना गर्ने घोषणा गरेको थियो ।

यस्तै जनकपुरधाममा सञ्चालित उद्योग, वाणिज्य तथा हित संरक्षण निर्देशनालय खारेज गर्ने निर्णय गरेको मन्त्री साहले जानकारी दिए ।

### *अशक्तलाई घर ...*

भन्दा बढी अशक्तलाई ह्वीलचेयर वितरण गरिसकेकी छिन् । उनले कोरोना, आगलागी, सितलहर, बाढी लगायतका माहामारी र विपदबाट पिडीत भएका विपन्न परिवारका लागी समेत लिएर राहत वितरण गर्दै आएकी छिन ।


## गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं।
- पाकेको खाना मात्र खाऔं।
- झिँगा र भुसुना भन्किन नदिऔं। खानेकुरा छोपेर राखौं।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money — Chaudhary Group


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*